# सिप्सु बलीदान पार्कमा कार्यरत चौकीदारले १८ महिनादेखि तलब नपाएको गुनासो



**कालेबुङ, ११ फरवरी।** सिप्चुमा बलिदान पार्कमा सिप्सु बलिदान पार्कमा कार्यरत रहेका दुई चौकीदारले १८ महिनादेखि तलब नपाएकोले उनी आर्थिक संकटमा परेका छन्। चौकीदारद्वय मोहन सुनवार अनि प्रकाश राईलाई स्थायी निवासी हुन। उनीहरुले भने अनुसार बलिदान पार्कको निर्माण पश्चात् पार्कको हेरचाहको निम्ति मासिक दुई हजारको दरले गोजमुमो अध्यभ विमल गुरुङले नियुक्ति गरेको थिए। आफूहरुलाई मासिक तलब पनि दिइने गरेको थियो।

तर २०१७ सालको मार्च अनि अप्रेलको तलब पाएपछि आजसम्म उनीहरुले मासिक दिइने तलब नपाएको तिनीहरुले गुनासो गरेका छन्। यतिका दिनसम्म तलब नपाएकाले गरीब परीवारहरुको आर्थित स्थिति अझ बिग्रिएर गएको छ।

स्मरणीय छ, गोर्खाल्याण्डको आन्दोलनको समय सिप्सुमा ८ फरवरी २०११ सालमा तिनजना गोर्खाल्याण्ड समर्थकहरुले ज्यान गुमाएका थिए। गोर्खाल्याण्डको निम्ति विमला राई, विकी लामा अनि निता खवास बंगालपुलिसको गोली लागेर शहीद बनेका थिए। शहीदहरुलाई सम्मान जनाउदै गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष विमल गुरुङको नेतृत्वमा २०१२ सालमा सिप्सु खेल मैदान छेउ बलिदान पार्कको निर्माण गरिएको थियो।

शहिद बेदीको सम्मान अनि सुरक्षा हेतु त्यहाँ एउटा बलिदान पार्कको पनि निर्माण गरिएको हो। पार्क निर्माण पश्चात पार्कको सही देखरेखको निम्ति अस्थायी रुपले सिप्सु फरेष्ट बस्तीका दुई जना गरीब परीवारका मोहन सुनवार अनि प्रकाश राईलाई चौकीदारको रुपमा मोर्चाले खटाएको थियो। तिनीहरुले १८ महिनादेखि तलब पाएको छैन तरै पनि आफ्नो सेवा जारी राखेको राखेका छन्।

## मिरिकमा गोजमुमोको सांगठनिक सभा

**मिरिक, ११ फरवरी।** गोर्खा जनमुक्ति युवा मोर्चा (विनय तामाङ समूह), मिरिक महकुमा समितिको सांगठनिक सभा यहाँको युवा आवासमा सम्पन्न भयो। युवा मोर्चा, मिरिक महकुमा समितिका अध्यक्ष योगेश गोलेको सभापतित्वमा युवा मोर्चा, केन्द्रिय सहसचिव सुनिल भण्डारीको विशेष उपस्थितिमा सम्पन्न सभामा मिरिक महकुमा अधिनस्थ चारैवटा समष्टिबाट पार्टी प्रतिनिधिहरूको व्यापक उपस्थिति रहेको थियो। सभामा सांगठनिक गतिविधिमाथि चर्चा गर्दै आगामी २५ फरवरीको दिन आयोजना भइरहेको युवा मोर्चाको जनसभामा मिरिकबाट पनि व्यापक मात्रामा सहभागिता जनाउनुपर्ने जानकारी गराइयो।

सभापछि मिरिक प्रेस क्लब कार्यालयमा पत्रकारहरूलाई सम्बोधन गर्दै युवा मोर्चाका केन्द्रिय सहसचिव अनि मिरिक महकुमा समिति अध्यक्ष योगेश गोलेले छुट्टै राज्यको मागलाई युवा मोर्चाले बौद्धिक रूपमा अगाड़ि बढ़ाउने जानकारी गराए। उनले भने, आगामी २५ फरवरीको दिन दार्जीलिङमा जनसभा आयोजना भइरहेको छ। यो जनसभाले पनि हाम्रो एकता दर्शाउनेछ। जीटीएलाई लिएर आज पनि पहाड़मा विरोध भइरहेको छ। यसैले जनसभामा जीटीए किन र कसरी संचालन गर्न आवश्यक छ भन्ने विषयमा पनि विस्तृत रूपमा जानकारी गराइनेछ। राज्य प्राप्तिको आन्दोलनलाई युवा मोर्चाले विश्राम दिएको छैन। पार्टी प्रमुख विनय तामाङ, महासचिव अनित थापाको हात दह्रिलो बनाएर गोर्खाल्याण्ड राज्य प्राप्तिको लागि बौद्धिक आन्दोलनलाई युवा मोर्चाले समर्थन गरेको छ। राज्य प्राप्तिको निम्ति गोजमुमो पार्टी मजबुत बनेको छ। युवा मोर्चा अध्यक्ष योगेश गोलेले यो पनि भने, पहाड़मा शान्ति स्थापना जुन जरूरी छ। विकास पनि एउटा पाटो हो। बेरोजगार बढ़ेको छ। शिक्षा, स्वास्थ्य, पर्यटन लगायत विभिन्न प्रकारका अभाव र समस्या छन् पहाड़मा अब जीटीए र राज्य सरकारले मिलेर काम गर्नुपर्छ। २५ फरवरीको जनसभाले युवा मोर्चा पहाड़मा सक्षम छ भन्ने कुरा प्रमाणित गर्नेछ। मिरिक महकुमाबाट तीन सय गाड़ी युवा सदस्यहरूले जनसभामा भाग लिनेछन्।

## बोधगया विस्फोटको षड़यन्त्रमा पक्रा पर्ने आरोपीहरूको जेएमआईसित सम्बन्ध

कोलकाता, ११ फरवरी। बाङ्ग्लादेश सीमा नजिक भएको कारण पश्चिम बङ्गालमा आतंकी गतिविधीहरू चर्चामा रहन्छन्। राज्य सरकारको कथित तुष्टीकरण नीतिको कारण यद्यपि बंगाललाई आतंकीहरूको निम्ति सेफ जोन मानिन्छ। अब जाँच एजेन्सीहरूको तर्फबाट जुन जानकारी प्राप्त भईरहेछ, त्यो पूरा देशको निम्ति खतराको घण्टीभन्दा कम छैन। बोधगया विस्फोटको षड़यन्त्रमा पक्रा परेका आतंकीहरूबारे यी आतंकीहरू जमात-उल-मुजाहिदीन बाङ्ग्लादेश (जेएमबी) का सदस्य हुन् भनी दाबी गरिएको थियो तर अब नयाँ प्रकारले यो दाबी गरिन्दैछ कि यिनीहरू बाङ्गलादेशको आतंकी संगठनका होइनन् तर पूरा देशमा जेहाद फैलाउने उद्देश्यले बंगालमा स्थापित गरिएको आतंकी संगठन जमात-उल-मुजाहिदीन इण्डिया (जेएमआई) सित जोडिएका छन्। यो पनि दाबी गरिन्दैछ, यस संगठनको स्थापना पनि जेएमबी कमाण्डर सलाउद्दीनले गरेको हो। जाँच एजेन्सी सूत्रहरू अनुसार २३ फरवरी २०१४ मा बाङ्गलादेश पुलिसको गाड़ीमा गईरहेको सलाउद्दीन र अन्य दुई आतंकी पुलिसकर्मीहरूको आँखामा धुले फ्याँकेर भागेका थिए। तथापि, पछि पुलिसले दुवै आतंकीलाई भिड़न्तमा मारेको थियो तर सलाउद्दीन भाग्नमा सफल रहेको थियो। अब बताइँदैछ, सलाउद्दीन लगभग २५० किमीको यात्रा गरी मुर्शिदाबाददेखि भारतीय सीमामा पसेको थियो। यहाँ आएर उसले अल्पसंख्यक समुदायका बङ्गाली युवकहरूको माइन्ड वास गर्नु शुरू गऱ्यो। लगभग १०० भन्दा अधिक यस्ता युवकलाई लिएर उसले जेएमबी जस्तै जेएमआइको नींव राखेको छ। यी युवाहरूलाई कट्टरवादप्रति प्रेरित गर्नको निम्ति भड़काउ भीडियो, अडियो, आलेख आदिको माध्यमले आतंकको शिक्षा दिंदैछ। उसले यही बसेर बाङ्ग्लादेश समेत अन्य स्थानहरूमा पनि आतंकी गतिविधीहरूलाई अन्जाम दिइरहेछ। केही दिन अघि मात्र सीमा सुरक्षा बलको ८३ बटालियनका कमान्डेन्ट जीबू डी मेथ्यूलाई ४५ लाख रुपियाँको साथ सीबीआइले पक्राउ गरेको थियो। पछि सीमामा अवस्थित उसको घरमा छापामारी गरी ९६ करोड़ रुपियाँ जफत गरिएको थियो। उसले बताएको थियो, तस्करहरू र गैरकानूनी ढंगमा सीमा पार गर्नेहरूबाट उसले यो रूपियाँ लिएको थियो। सुरक्षा एजेन्सीहरूको दाबी छ, यसै गरी मोटो रकम दिएर सलाउद्दीन पनि सीमा पार गरी मुर्शिदाबाद आएको छ र यहाँका युवाहरूलाई आतंकी बनाईहेछ। अहिले सुरक्षा एजेन्सीहरू यसको गहन जाँचमा जुटेका छन्।

## राजमार्गमा सफाई अभियान

**कालेबुङ, ११ फरवरी।** कालेबुङ अनि सिक्किम सिमामा अवस्थित रम्फू (बंगाल)- मा आज रम्फू चेक पोस्ट सहित विभिन्न संगठनहरूद्वारा राजमार्गमा सफाई अभियान संचालन गरियो। चेक पोस्टका प्रभारी प्रवीण गुरूङको नेतृत्वमा रोम्पू ट्रक ड्राइ-वर्स एण्ड अनर एसोसिएशन, रोम्पू युथ वेल्फेयर एसोसिएशनका दुइवटा चिल्ड्रन क्लब अनि ग्रेस चिल्ड्रन क्लबका सदस्य-हरूको सहभागितामा राजमार्गको सफाई गरियो। 'आफ्नो गाउँ आफै सफा राखौं' भन्ने उद्देश्यले संचालित उक्त सफाई अभियान अन्तर्गत रोम्पू ट्रक ड्राइवर्स वेल्फेयर एसोसिएशनका अध्यक्ष किशन छेत्री, सचिव गणेश खाती, प्रभारी प्रवीण गुरूङ र चेक पोस्टका अन्य अधिकारी, क्षेत्रका युवा अनि चिल्ड्रन क्लबका बाल-बालिकाहरूले सिक्किम सिमा परिसरदेखि बजार हुँदै मामखोलासम्म सर-सफाई गरे। यसबारे जानकारी गराउँदै प्रभारी गुरूङले भने, आजदेखि शुरू भएको सफाई अभियान आजसम्म मात्र सिमीत नरहेर आगामी दिनहरूमा पनि निरन्तर रूपमा संचालन गरिनेछ। सफाई अभियानमा रोम्पू ट्रक ड्राइ-वर्स एण्ड ओनर एसोसिएशनबाट हरी छेत्री, कृष्ण छेत्री, गणेश खाती, रोम्पू युथ वेल्फेयर एसोसिएशनबाट सुकराज राई र धिरे राईको विशेष उपस्थिति रहेको थियो।

## आर्चिज गिफ्ट हाउसको उद्घाटन

**खरसाङ, ११ फरवरी।** खरसाङ रेलवे स्टेशनदेखि केही टाड़ा ४४ हिलकार्ट रोडस्थित रतन वाच एण्ड रेडियो कम्पनी भवनको तेस्रो तलामा अवस्थित आर्चिज गिफ्ट हाउसको भव्य उद्घाटन गरियो।

आर्चिज गिफ्ट हाउसका मालिक श्याम सुन्दर गुप्ताकी आमा शशि गुप्ता र छोरा निखिल गुप्ताको बाहुलीबाट उक्त गिफ्ट हाउसको विधिवत उद्घाटन गरियो। यस अवसरमा खरसाङका विधायक डा. रोहित शर्मा एवं अन्यको विशेष उपस्थिति रहेको थियो।

श्याम सुन्दर गुप्ताले समारोहमा उपस्थित मानिसहरूलाई आर्चिज लेखिएको खदा लगाएर स्वागत जनाए। उनले भने, मेरा बुवा स्वर्गीय रतन गुप्ताको दोकानलाई अत्याधुनिक डिजाइनद्वारा तयार गर्ने सपना थियो जसलाई आज मैले पूरा गरेको छु। कार्यलाई पूरा गर्नका लागि मेरी पत्नी सीमा गुप्ता र छोराद्वय निखिल गुप्त र हर्ष गुप्ताले महत्वपूर्ण योगदान पुऱ्याएका छन्। उनीहरूकै कारणले आज म यो सफलता हासिल गर्न सक्षम भएको छु। यस गिफ्ट हाउसमा आर्चिज कम्पनीसित सम्बन्धित सबै प्रकारका गिफ्टहरू ग्राहकहरूको लागि उपलब्ध छ।

स्मरण गराइन्छ कि आर्चिज गिफ्ट हाउसका मालिक श्याम सुन्दर गुप्ताका पिता स्वर्गीय रतन गुप्ता गोरामुमोका संस्थाक स्वर्गीय सुवास घिसिङको नेतृत्वमा भएको गोर्खाल्याण्ड आन्दोलनमा शहीद भएका थिए।

## वनमन्त्रीले माफी माग्नुपर्छ : अखिल

**काजिरङ्गाः ११ फरवरीः** राज्यमा वन्यप्राणी सुरक्षा नभएको विषयलाई लिएर आक्रामक भएका छन् कृषक नेता अखिल गोगोई। काजिरङ्गामा आज संवाददाता सम्मेलनलाई सम्बोधन गर्दै अखिल गोगोईले भने कि, वन विभागको गैर जिम्मेवाराना कार्यले दिनहुँ वन्यप्राणीको मृत्युको संख्या बढ़ीरहेको छ। वन्य प्राणीको बर्द्धित मृत्युको संख्यालाई रोक्न विफल भएकी वन मन्त्रीले सार्वजनिक रूपमा माफी माग्नुपर्छ भनी बताएका छन्।

अर्कोतर्फ, रेलको ठोक्करमा हात्तीको मृत्यु भएको घटना हृदयविदारक भनी दुख प्रकट गर्दै गोगोईले सञ्चार माध्यमसामु वन विभाग र रेल विभागको समन्वयको अभावले क्रमश रेल दुर्घटनामा हात्तीको मृत्यु भइरहेको छ। रेल विभागले वन विभागसँग समन्वय राखेर जङ्गली हात्तीको सुरक्षा सुनिश्चित गरोस् भनी कृषक नेता गोगोईले माग राखेका छन्। नभए रेल विभागविरूद्ध कडा प्रदर्शन गर्न वाध्य हुनेछौं भनी गोगोईले चेतावनी दिए। साथै गोगोईले काजिरङ्गा छेउछाउमा रहेका ढुङ्गा खननका कुवेरीहरू ति चाँडो बन्द गर्न पनि उनले माग गरेका छन्। उनले भने कि, कुवेरी खननले गर्दा प्राकृतिक परिवेश ध्वंस भको छ र वन्य प्राणीको आवासभूमिक घट्दै आएको छ। राष्ट्रिय निकुञ्जका धैजसो वन्य प्राणीले छेउछाउको पहाडमा शरण लिएर बस्छन् उल्लेख गर्दै उनले भने - यो पहाड खअ बन्द गरिएन भने वन्य प्राणीको आवासभूमि र घुमफिर गर्ने क्षत्र भविष्यमा व्यापक अनिश्चिततामा छाउने छ। अर्कातिर, राज्यमा ट्रेक्टर वितरणको नाममा भएको भ्रष्टाचारको विषयमा पनि गोगोई उग्र भए। ग्रामीण क्षेत्रका कृषक जनताको विकासका निम्ति राज्यको २६ हजार गाउँमा ट्रेक्टर वितरणको नाममा व्यापक गैर नियम भएको सन्दर्भमा उठेको अभियोगमा विषय सीबीआईद्वारा छानबीन गराउन उनले माग गरेका छन्। अखिलले भ्रष्टाचारको क्षेत्रमा शुन्य सहनशीलता नीति अप्नाउने मुख्यमन्त्रीले राज्यका कृषिमन्त्री अतुल बोरा र मुख्यमन्त्री सर्वानन्द सोनोवाललाई पनि सीबीआई छानबीनको गण्डिभित्र ल्याउने माग गरेका छन्।

## सिलगढ़ीको पेट्रोल पम्पबाट लाखौंको चोरी

**सिलगढ़ी, ११ फरवरी।** सिलगड़ीको एउटा पेट्रोल पम्पबाट लाखौं रुपियाँ चोरी भयो। शनिवार राति शहरको वर्धमान रोडको एउटा पेट्रोल पम्पमा यो चोरीको घटना भएको हो। पुलिस सूत्रले जनाएअनुसार पम्पको शटर भत्काएर भित्र पसेका चोरले सन्दुकमा राखिएको प्रायः दश लाख रुपियाँ रुपियाँ गुटमुटाएर भागेका हुन्। सिलगड़ी थानाका वरिष्ठ पुलिस अधिकारीहरू लगायत डिटेक्टिभ डिपार्टमेण्टका अधिकारीहरू घटनास्थलमा पुगेर चोरीको घटनाको जाँच शुरू गरे। प्रारम्भिक जाँचमा पेट्रोल पम्पमा कुनै सुरक्षाकर्मी नरहेको कुरो पत्तो पाइएको पुलिस सूत्रको भनाई छ। राति कम्पनीका एकजना कर्मचारी पेट्रोल पम्पमा नै बस्ने गरे पनि विगत केही दिनदेखि तिनी विदामा थिए। जाँचमा ओर्लिएर पुलिसले पेट्रोल पम्पको सीसीटीभी फूटेजको जाँच गर्दैछ। सीसीटीभी फूटेजमा मुखमा लुगाको पट्टी बाँधेको एकजना व्यक्ति शटर भत्काएर पम्पभित्र पस्नसाथै सीसीटीभी क्यामेरा बन्द गरेको देखिएको पुलिस सूत्रले जनाएको छ। पम्पको कार्यालयभित्र कुनै ढोका नै थिएन। त्यसैले चोर पम्पभित्र पसेपछि सन्दुकबाट रकम झिकेर बाहिर निस्किएको पुलिसले जनाएको छ। पुलिसले यो चोरीको घटनामा परिचित कुनै व्यक्ति नै संलग्न रहेको शंका गरेको छ। पुलिसले घटनाको विस्तृत जाँच गर्दैछ।

## एसकेएमद्वारा प्रतिवाद...

छैन। एसडीएफ पार्टी जस्तो मनपरी नीति र नेता बोक्नेहरूलाई मात्र पुगिसरी गर्ने एसकेएम पार्टीमा नियम छैन तर यहाँ जमीनी स्तरमा खट्ने कार्यकर्ताहरूलाई सम्मान गर्ने, उनीहरूको महत्व बुझ्ने पार्टी हो भनी उनले भने। एसकेएमको जुन प्रजातान्त्रिक समाजवाद नीति छ त्यो अति नै उत्तम नीति हामीले लिएर अब जनमानसमा जानुपर्ने नितान्त आवश्यकता छ भनी उनले बताए।

यसैगरी आफ्नो सम्बोधनमा उपाध्यक्ष नुक छिरिङ भोटियाले ११ फरवरीको लाठीचार्जको स्मरण गर्दै आफ्नो वक्तव्यमा भने, त्यो घटना अति नै दु:ख लाग्दो थियो जसमा एउटा पुलिस अधिकारीको आदेशमा निर्दोषहरूमाथि अन्धाधुन्ध लाठी चार्ज गरिएको थियो। त्यस दिन नारीहरूमाथि समेत पुरूष प्रहरीहरूद्वारा लाठी चार्ज गरियो जो अति नै दर्दनाक दृश्य थियो। त्यस दिन लाठी बर्साउँदा धेरै जना घाइते भएका थिए साथै उनीहरूले जेलसम्म यातना भोग्नु परेको थियो भनी बताए। सोही प्रकारले धुर्व सिलवालले उक्त घटनालाई ब्रिटिश साम्राज्यको जलियावाला बागको घटनासित तुलना गरे जुन घटना पूर्णरूपले प्रशासनको दुरूपयोग हो भनी ठहर गरे। कार्यक्रममा पार्टीका प्रबक्ता जेकब खालिङले पनि सम्बेधन गरेका थिए।

कार्यक्रममा आज विशेष रुपमा ११ फरवरी २०१३मा लाठीचार्जमा परेर घाइते हुने साथै जेल सजाय भेग्ने कान्तिकारीहरुलाई खदा लगाएर सम्मान जनायो। यसरी नै आज पार्टीले एसकेएम पार्टीको स्थापनाकाल र त्यसभन्दा अघिदेखि नै विभिन्न मुद्दाहरुमा परेर आफ्नो ज्यानको बाजी लगाउने क्रान्तिकारीहरुलाई पनि खदा लगाएर सम्मान जनायो। आजको सभामा भुसुक निवासी एसडीएफ पार्टीका केन्द्रिय कार्यकारिणी समितिका सदस्य रोहित राई एसकेएम पार्टीमा विधिवत् रूपमा सामेल भए।

## कालेबुङ जिल्ला...

दलहरूको भूमिका कस्तो रहनु पर्ने हो त? सामाजिक संगठनहरूको उत्तरदायित्व के हो त? आदि विषयमा अन्तरक्रिया गर्नेछौं। उनले कालेबुङलाई माया गर्ने समस्त मानिसहरूलाई उत्सवमा सहभागी बन्ने अनुरोध गर्दै आफ्नो जिज्ञासा र सुझाउहरू राख्न सक्ने जानकारी गराए। कालेबुङ जिल्लाका सम्भावनाहरूमाथि व्यापक चर्चा हुन जरूरी रहेको पनि उनले बताए।


### जवाहर नवोदय विद्यालय, पाक्योङ, पूर्व सिक्किम

**मानव संसाधन विकास मन्त्रालयअन्तर्गत एक स्वायत्तशासित निकाय**
**विद्याय शिक्षा अनि साक्षरता विभाग, भारत सरकार**
सम्पर्कः 9851045203 / 9851236274 / 9416196764 / 9563343299 / 8906100085

**नोटिस**

21 अप्रेल 2018 मा जवाहर नवोदय विद्यालय चयन जाँच 2018 को आयोजना

प्रशासनिक कारणले सत्र 2018–19 को लागि कक्षा 6 का विद्यार्थीहरुको भर्ना हेतु जवाहर नवोदय विद्यालय चयन जाँच स्थगित गरिएको सम्बन्ध नवोदय विद्यालय समितिद्वारा अधिसूचना जारी गरिएको छ। यस जाँच आगामी २१ अप्रेल 2018 (शनिबार) आयोजना गरिनेछ। सबै विद्यार्थीहरुलाई प्रवेशकार्डको संग्रह लगायत अन्य जानकारीको लागि एनभीएसको वैबसाइट www.nvshq.org लाई हेर्ने अनुरोध गरिन्छ अनि यसलाई नोट गर्ने सुझाउ दिइन्छ।

**प्रधानाचार्य**



ADMISSION OPEN FOR INDIA AND ABROAD -2018-2019
INDIA'S FIRST SINGLE -WINDOW INFORMATION HUB FOR MULTIPLE COURSES AND UNIVERSITIES
MD | MDS | MS | MBBS | BDS
BAMS /BHMS/MAUMS /B&D PHARMA / D &B.TECH
MBA /MCA/ANM /GNM / BBA/B.COM/HOTEL MANAGEMENT/ MCA/MEDIA SCIENCE /BCA/AND MANY MORE
1000+Colleges/ 54+Courses/1500+Testimonials
2 Awards for Excellence In Consulting
10 GLORIOUS YEARS
www.besonline.in.
BRIGHT EDUCATIONAL SERVICES
+91 9733733330/9564733330



**COACHING FOR JOB INTERVIEWS**
**SPSC EXAMS/HRDD**-PRIMERY TEACHERS)
REVENUE INSPECTER & SURVEYOR,(GDM0) GENARAL DUTY MEDICAL OFFICER/ **SSC/ IBPS /BANK PO, CLRICAL, GATE MAT (GENARAL ABILITY& AWARENESS)**
**EXPERT FACULTY & ALL SOLVE SOLUTION NOTES & MOCK TEST**
**UDISHA** PNG ROAD, 9434137448 / 7001149108



KANHAIYA JEWELLERS



यहाँ सक्कली नेपाली सुन (24 कैरट) रेडिमेड अर्नामेंट र तपाईको अर्डरमा पाइन्छ। विश्वास तपाईको, भरोसा हाम्रो।
Specialist in :
24 /24cts., 24cts., 22/22 cts. &22cts. (KDM)
Available
Monthly Savings Scheme
Meghdoot Cinema Building
Hill Cart Road, Siliguri.
Ph: 0353-2520047(S), 2561725(R)
WE ACCEPT DEBIT & CREDIT CARD
FOREIGN MONEY EXCHANGE



1BHK/2BHK/3BHK FLAT FOR SALE AT SILIGURI NEAR DEBIDANGA BAZAR [BABU BASHA] PRICE NEGO-TIABLE
CONTACT FOR DETAILS :8436291919/ 7980444789



**जमीन बिक्रीमा**

लुवर लुम्से तादोङ्ग गान्तोक, पी. डब्लू. डी. गोदामदेखि भित्रीपट्टि, ३०X४० क्ष ३०X६० को जमीन बिक्रीमा राखीएको छ र हजुरहरूले सोजै जमीन मालिकसँग सम्पर्क गर्नु हवस्
**मोबाइल नं.**
९४७४८३५७१५,
८१५९८४५०२२



NEED LIC HOUSING LOAN CONTACT :
NO : 8348574294
9434445010
NOTE : GOVT EMPLOYEES ONLY



**Tribal land for Sale**
Premium and planned residential plots for sale in Khaprail, only 6 kms from Siliguri city.
Please contact for details:
8670964205/9832008231/ 8016615336/9735447010



**बिक्रीको निम्ति उपलब्ध छ**

**आयात गरिएको कलमी आकारको बदाम, स्याउ, अञ्जीर (एप्रीकोट), आरू, हलुवा बेल फल, ओखर, आरूफल, आरूबखड़ा, नसपाती अनि दारिमका बिरूवाहरू बिक्रीको निम्ति सिङ्बेल ट्रेडर्स, ओल्ड चिल्ड्रेन पार्क, सपिङ कम्प्लेक्स शप न. ३० -मा उपलब्ध छ।**
**सम्पर्क :**
9475009037,
8768941993





Stockist:
PRAKASH ENTERPRISES
Sevoke Road, Siliguri
Tel.: 0353-2432235, 2521291


नोट : पाठकहरूलाई यो सूचित गरिन्छ कि यस समाचार पत्रमा प्रकाशित कुनै पनि विज्ञापनहरूलाई स्वीकार गर्नु अघि यसको सत्यतालाई जाँच गर्नुपर्नेछ। कुनै प्रकारको धोखा, हानी भएमा त्यसको जवाफदेही यो समाचार पत्र अथवा प्रकाशक हुनेछैन। -सम्पादक